# दंगिशरण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### हेकुलि , दाङ

### ५ नं. प्रदेश, नेपाल

# नदी जन्य पदार्थको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**दोस्रो पटक सुचना प्रकाशित मिति २०७६/०१/०९**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ (१), घ (२), घ (६) समेतमा भएको व्यवस्था, दंगिशरण गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने नदी जन्य पदार्थको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडाको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ र ठेक्का नं १,२ को लागि नियम ८४ बमोजिम देहायका शीर्षकहरूमा राजस्व असूली सम्बन्धी काम आ.व. २०७५/०७६ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरूले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीका लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | आयको विवरण | आ.व.०७५/०७६ को लागि निर्धारण ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा आदी विक्रि ( स्वीकृत खानी क्षेत्र वाहेक) संकलन तथा विक्री परिमाण (घन फिटमा) | आ.व. ०७५/०७६ को लागि निर्धारण ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा आदि विक्री ( स्वीकृत खानी क्षेत्र बाहेक) प्राकृतिक श्रोत विक्री शुल्क रू. प्रति घनफिट | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन तथा विक्री शुल्क वापत हुने कुल न्यूनतम अंक (कर तथा भ्याट वाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|---|
| ०१/DRM NCB/०७५ /०७६ | दंगिशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने बबई चिराघाट खोला दोभानमा ढुंगा, गिटी, बालुवा, ग्राभेल आदि (स्वीकृत खानी क्षेत्र बाहेक) | ४,०७,५९९। | रू ६।०० | २४,४५,५९४। | रू ३,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |
| ०२/DRM NCB/०७५ /०७६ | दंगिशरण गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने बबई (पदमपुर घाटमा) ढुंगा, गिटी, बालुवा, ग्राभेल आदि स्वीकृत खानी क्षेत्र बाहेक) | ८,९५,४८३। | रू ६।०० | ५३,७२,८९८। | रू ३,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |

**ठेक्का सम्बन्धि शर्तहरू**

१. माथि उल्लेखित ठेक्काहरूको लागि वोलपत्र फाराम खरिद गरी भरी पेश गर्नु पर्नेछ ।

२. ठेक्का अवधि आ.व. २०७५/०७६ जेठ मसान्त सम्म रहनेछ । तर ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पूरा गरी उक्त परिमाण सो भन्दा कम अवधीमा पनि विक्री निकासी गर्न सकिनेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण काम सुचारू नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाईने छैन । IEE प्रतिवेदनले निषेध गरको अवधी तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ ।

३. माथि उल्लेखित सबै ठेक्काहरू क्बोल अंङ्कको थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. धरौटी वापत कबोल गरको अंकको ५ प्रतिशत रकम यस दंगिशरण गाउँपालिका दाङको नेपाल क्रेडिट तथा कमर्श बैंक लिमिटेड दंगिशरण शाखा स्थित बैंक धरौटी खाता नं ११४००००१६३०१ मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (विड विन्डको सक्कल प्रति) बोलपत्र साथ संलगन गरी पेश गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

५. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको राजस्व ईकाइमा नगद दाखिला गर्नुपर्नेछ ।

६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रीत नपुगी आएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन ।

८. ठेक्कामा कुनै विवाद भएमा दंगिशरण गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।
९. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी १५ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ । प्राप्त बोलपत्रहरू सोही दिन दिनको २ :०० बजे दंगिशरण गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।
१०. बोलपत्र फारामहरू खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।
११. यस सूचनामा उल्लेख भएका शर्तहरूका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरूका प्रत्येक बुँदाहरू यसै सूचनाका शर्त सरह लागु हुनेछ ।
१२. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरू पूरा नभएका बोलपत्रहरू मूल्यांकनमा समावेश गरिने छैन ।
१३. अन्य कुराहरू नेपाल सरकारको प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

**ठेक्का सम्बन्धि अन्य शर्तहरूः**

१. कुल कबोल अंक रकम बुझाए पछि र तोकिए अनुसारको पर्फमेन्स बन्ड पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जी दिईनेछ ।
२. ठेक्का रकमको भुक्तानी एकमुष्ट अग्रिम गर्नुपर्नेछ । र नदी जन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को ९ (२) को अवस्थामा सोही बमोजिम हुने छ ।
३. माथि सर्त नं ३ मा उल्लेख गरिएका रसिदहरूबाट आम्दानी गरिएको रकम बिक्री तथा निकासी आय खातामा मु.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाई गरी खाता र रसिद वार्षिक रूपमा दंगिशरण गाउँपालिकामा बुझाउनुपर्नेछ ।
४. ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमानै उठाउनु पर्नेछ साथै दररेट सहितको साईनवोर्ड सवैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।
५. दंगिशरण गाउँपालिकाकालाई बुझाउनुपर्ने बाँकी बक्यौता भएको व्यक्ति, फर्मको बोलपत्र स्वीकृत गरिनेछैन ।
६. प्रत्येक ठेक्काको छुट्टा छुट्टै खाममा बोलपत्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।
७. जमानी बापत बोलपत्रमा आफूले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
८. कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिईनेछ ।
९. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधी सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधीको रोहवरमा खोल्न सकिनेछ ।
१०. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलीपी संलग्न राखी पेश गर्नु पर्नेछ ।
११. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरूको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरूको हकमा प्रचलित ऐन, कानून तथा ठेक्का स्वीकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।
१२. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत